# भारतमा अन्तःशुल्क लाग्ने नेपाली वस्तुहरू भारतको बाटो गरा नेपालको एक भागबाट अर्को भागमा लाने कार्य–प्रणाली।

३१, जुलाई, १९५० मा हस्ताक्षर गरिएको नेपाल भारत वाणिज्य सन्धीको दफा ३ को सिलसिलामा भारतमा केन्द्रीय अन्तःशुल्क (Central Excise Duties ) लाग्ने नेपाली माल भारतको बाटो गरी नेपालको एक भागबाट अर्को भागमा लाने बारेमा निम्न लिखित कार्य–प्रणाली निर्धारित गरिएको छ :—

१. मालसामानहरू हिफाजतसाथ प्याक गर्नुपर्छ र प्रष्टै चिन्हिने गरी चिन्ह, नंबर र उत्पादन गर्नेको नाम समेत स्पष्ट लेख्नुपर्छ। अदतमा "नेपालको .... .... (ठाउँको नाम) बाट .... .... .... (ठाउँको नाम) मा जाने" भनी लेख्नुपर्दछ।

२. निकाशी गरिने नेपाल सीमानाको भन्सार अड्डामा निकाशी गर्ने या निजका वारेसले निम्न नियमको पालन गर्नुपर्दछ:—

(क) मालको विवरण अर्थात्– चिन्ह, नम्बर अदतको तौल, मालको बयान र मोल तथा माल पास हुने नेपाल र भारतका सीमानाका अड्डाहरूको नामसमेत लेखी यसैसाथ दिइएका नमूनाबमोजिमको पाँच प्रति फाराम गर्नुपर्दछ।

(ख) जो लाग्ने निकाशी महसुल नेपालको भन्सार अड्डामा धरौट राख्नुपर्छ वा सो निकाशी महसूलबापत उक्त अड्डाका हाकिमले पत्याएका मानिसलाई जवानी दिनुपर्दछ।

३. त्यसपछि उक्त भन्सारका हाकिमले आफ्नो अड्डाको सील लगाई सकल फाराम रीतपूर्वक भरी तथा दर्ता गरी सो फारामको साथ माल सामानहरू निकाशी गर्ने या निजको वारेसलाई डेलिभरी दिनेछ।

४. उक्त फारामको पाँचौ प्रति उपरोक्त भन्सारका हाकिमले राख्नेछ र दोस्रो, तेस्रो र चौथो प्रति फारामहरू भारतको सीमानामा रहेका लाएन्ड कष्टम्स र सेन्ट्रल एक्साइजका इन्सपेक्टरद्वारा यसै कामको लागि मुकर्रर भएका नेपाली प्रतिनिधिमार्फत पठाउनेछ।

३२३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. भारत पस्दाको भारतीय सीमाना चौकीमा पुगेपछि निकाशी गर्ने या निजका वारेसले सकल फारामसहित य लसामानहरू लाइन्ड कष्टमम्स् र सेन्ट्रल एक्साइजका इन्सपेक्टरछेउ पेश गर्नुपर्छ।

६. उपरोक्त लाएन्ड कष्टम्स् र सेन्ट्रल एक्साइजका इन्सपेक्टरले:—

(क) नेपाली भन्सारका हाकिमले पठाएको फारामको दोस्रो, तेस्रो र चौथो प्रतिसँग सकल फाराम भिडाउनेछन्।

(ख) अदतको सील जाँच्नेछन् र फारामको विवरणबमोजिमको अदत हो होइन, जाँच्नेछन्।

(ग) सकल फाराममँग अरू फारामहरू भिडेमा, सील साबुत भएमा र अदत पनि चित्त बुझ्ने गरी भिडेमा सो अदतहरू भारतभित्र लाने इजाजत दिनेछन् र फारामको चारै प्रतिमा सोही बेहोरा जनाइदिनेछन्।

( नोटः — सील साबुद नभएमा फारामको विवरणबाट र जरूरत परे अदत खोली मालै पनि जाँची चित्त बुझ्ने गरी अदत माल यकिन गरी सो मालहरू नेपालभित्र लाने इजाजत दिन्छन र फारामको तीनै प्रतिमा सोही बेहोरा जनाइदिनेछन )

(घ) चौथो प्रति राख्नेछन् र नेपाल पस्दाको भारतीय सीमाना चौकीका लाएन्ड कष्टम्स् एन्ड सेन्ट्रल एक्साइजका इन्सपेक्टरलाई पेश गर्न रीतपूर्वक भरी फारामको सकल दोस्रो र तेस्रो प्रतिहरू सहित माल निकाशी गर्ने या निजको वारेसलाई दिनेछन्।

७. नेपाल पस्दाको भारतीय सीमाना चौकीका लाएन्ड कष्टम्स् र सेन्ट्रल इक्साइजका इन्सपेक्टरले:—

(क) सकल फाराम दोस्रो र तेस्रो प्रतिसँग भिडाउनेछन्।

(ख) अदतको सील जाँच्नेछन् औ फाराममा दिइएको विवरणबमोजिमको अदत हो होइन, हेर्नेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सक्कल फारामको बेहोरा दोस्रो तेस्रो प्रतिको बेहोरासँग भिडेमा, सील साबुद भएमा र चित्त बुझ्ने भरी अदत भिडेमा नेपाल राज्यभित्र सो सामानहरू लाने इजाजत दिनेछन् र फारामको तीनै प्रतिमा सोही बेहोरा जनाइदिनेछन्।

(घ) निकाशी गर्ने या निजका वारेसलाई उल्लेखित नेपाल भन्सार अड्डाको हाकिमछेउ पेश गर्न रीतपूर्वक भरी सक्कल फारामसहित माल दिनेछन् औ दोस्रो, तेस्रो प्रति फाराम यस कामको निमित्त मुकर्रर भएको नेपाली प्रतिनिधिमार्फत उक्त भन्सारको हाकिमछेउ पठाइदिनेछन् ।

८. उपरोक्त भन्सार अड्डाको हाकिमले: —

(क) नेपाल भन्सारको लाहाछाप साबुत रही नेपाल सरहदभित्र माल आइपुगेको हो, फारामको बेहोरासँग अदत भिड्दछ र नेपालभित्र आफ्नो गन्तव्य स्थानमा लान सो माल भंसारको जिम्माबाट रीतपूर्वक छुट्यो भनी फारामको तीनै प्रतिमा जनाइदिनेछन् ।

(ख तेस्रो प्रति आफूसँग राखी दोस्रोचाहिं सो माल भारत पस्दाको भारतीय सीमाना चौकीको लाएयड कष्टम्स र सेन्ट्रल एक्साइजका इन्सपेक्टरछेउ पठाइदिनेछन् ।

(ग) सक्कल फारामसहित माल निकाशी गर्ने या निजको वारेसलाई दिनेछन् ।

९. जमानी छुटाउन वा धरौट रहेको निकाशी महसूल फिर्ता लिन माल निकाशी गर्ने वा निजको वारेसले माथि दफा २ मा जिकीर गरिएको भंसार अड्डाका हाकिमछेउ सक्कल फाराम पेश गर्नुपर्छ। उक्त भंसार अड्डामा फाराम दर्ता भएका मितिले ६ महिना ननघाई सक्कल फाराम उक्त हाकिमछेउ पेश गर्नुपर्छ । आफूसँग रहेको पाँचौं प्रतिसँग सक्कल फाराम भिडाई लेखिएबमोजिमको सबै बेहोरा भिड्छ भन्ने र नेपालमा माल साबुद पुगेको हो भन्ने कुरामा चित्त बुझेपछि उक्त हाकिमले धरौटी फिर्ता दिने वा जमानी फुकुवा गरिदिनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नम्बर .... .... मिति .... १६ — सक्कल

नेपाली सीमाना चौकी भंसार अड्डा

दोस्रो प्रति

तेस्रो प्रति

चौथो प्रति

पाचौं प्रति

## भारतमा केन्द्रीय अन्तःशुल्क लाग्ने नेपाली बस्तुहरू नेपालभन्सारको सील लगाई भारतको बाटो गरी नेपालको एक भागबाट अर्को भागमा लजाँदा भर्नुपर्ने फाराम

.... .... .... .... बाट .... .... .... द्वारा नेपाल सीमानाको .... ....चौकी।भंसार अड्डा * | को बाटो भारतमा
( उत्पादन भएको ठाउँ ) (व्यापारीको नाम भारत सीमानाको .... .... चौकी × × | प्रवेश गर्ने
भारत सीमानाको .... .... चौकी × × | को बाटो भारतबाट
नेपाल सीमानाको.... ....चौकी। भंसार अड्डा* | पास हुने

| अदतमा भएको चिन्ह र नम्बरहरू | अदतका संख्या र विवरण | मालको बयान | खुद तौल या परिमाण | मूल्य | निकाशी महसूल-को दर | जम्मा महसूल + | महसूल तिरेको रसीद या जमानी पत्रको नंबर मिति | अदतको तौल | छ भने रेल्वे रसीदको नंबर र मिति÷ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | रु. आ. पा | | रु. आ. पा | | हं क्वा. पौं. | | |

* विराटनगर, जनकपुर, वीरगञ्ज, भैरहवा या नेपालगञ्ज। × × जोगबनी, जयनगर, रक्सौल, नौतनवा या नेपालगञ्ज।

\+ अङ्क र अक्षरेऽपि दुवै लेख्नुपर्ने। ÷ सक्कलमा मात्र।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. माथि लेखिएका विवरण ठीक साँचा हुन र यी मालहरू भारतको बाटो भरी नेपालको ···· ···· (ठाउँ) मा जाने हो र" बीचैबाट अरू कुनै देशमा लगिनेछैनन भनी म (हामी) कबूल गर्छु । (गर्छौं) ।

स्थान .

मिति .

निकासी गर्ने या निजका वारेसको सहि

२. उपरोक्त अदतहरू ले जाँचबुझ गरें र मेरै रेखदेखमा नेपाल भंसारको सील लगाइएको हो भनी प्रमाणित गर्दछु ।

स्थान ···· ····

मिति ···· ····

नेपाल सीमानाका···· चौकी । भंसारका हाकिमको दर्जा र सहि

३. उपरोक्त अदतहरू जाँच्दा फारामका लेखिएको बेहोरासँग मिल्छ र सो अदत यस सीमाना चौकीपार भयो भनी प्रमाणित गर्दछु ।

स्थान ···· ····

मिति ···· ····

· · · · · को सीमानाको भंसार चौकीमा रहेका भारतीय अफिसर–इन–चार्जको दर्जा र सहि

४. उपरोक्त अदत जाँच्दा फाराममा लेखिएका बेहोरासँग मिल्छ र नेपाल भंसारको सील पनि साबुद छ र सो अदत नेपालको निमित्त यस सीमाना चौकीपार भयो भनी प्रमाणित गर्दछु ।

स्थान ···· ····

मिति ···· ····

· · · · को सीमानाको भंसार चौकीमा रहेका भारतीय अफिसर–इन–चार्जको दर्जा र सहि

326

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उपरोक्त अदत नाँच्दा फाराममा लेखिएको वेहोरासँग मिल्छ र नेपाल भंसारको सील पनि साबुद छ र नेपालभित्र मन्तव्य स्थानमा लान सो अदत यस अड्डाको जिम्माबाट रीतपूर्वक छुट्यो भनी प्रमाणित गर्दछु ।

स्थान ···· ····

मिति ···· ····

नेपाल सीमानाको ····चौकी । भंसारका हाकिमको दर्जा र सहि

६. =फाराममा लेखिएको विवरणबमोजिमको मालमा लाग्ने महसुल रु····अक्षरेऽपि····को जमानी छुट्यो । धरौटी फिर्ता दिइयो ।

स्थान ···· ····

मिति ····

नेपाल सीमानाको ··· चौकी । भंसारका हाकिमको दर्जा र सहि

---

=जरूरत नपर्ने कुराहरू काटिदिनू ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।